## रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ | भागः २ | मितिः २०७९/१०/२७


### भाग-२
### रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको कार्यबिधि नंः ३

## रोशी गाउँपालिकाको शिक्षक स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावनाः**

रोशी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा २० वर्ष वा सो भन्दा बढि समयदेखि शिक्षण पेशामा स्थायी रुपमा आवद्ध रहनु भईनिवृत्तिभरण प्राप्त गर्न योग्य श्रद्धेयगुरुहरु प्रति उच्च सम्मान गर्दै उहाँहरुले शिक्षण पेशा मार्फत समाजमा पुर्याउनु भएको अनुकरणीय, अतुलनीय योगदानको उच्च कदर गर्दै शिक्षण पेशा प्रति प्रतिवद्ध भई प्रदान गर्नु भएको निस्वार्थ सेवाभावलाई जीवन पर्यन्तस्मरणीय बनाउने उद्देश्यले शिक्षकस्वैच्छिक अवकाश कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षणसेवामा नव प्रतिभालाई प्रोत्साहन गर्न आवश्यक भएकोले गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी रोशी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "शिक्षक स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले रोशी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ख. "कार्यविधि" भन्नाले "शिक्षक स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" सम्झनुपर्छ।

ग. “दरवन्दी” भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दी सम्झनुपर्छ।

घ. “गाउँपालिका” भन्नाले प्रचलित कानून बमोजिम गठन भएको रोशी गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ. “अध्यक्ष” भन्नाले रोशीगाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

च. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रोशीगाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

छ. “महासंघ” भन्नाले रोशीगाउँपालिकाको शिक्षक महासंघलाई सम्झनुपर्छ।

ज. “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्ने शिक्षकलाई सम्झनुपर्छ।

झ. “शिक्षक” भन्नाले नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक सम्झनुपर्छ।

ञ. “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई गाउँपालिकाभित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ।

ट. “समिति” भन्नाले शिक्षक स्वैच्छिक अवकाश सहजीकरण समिति सम्झनुपर्छ।

ठ. “शिक्षा शाखा” भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

ड. “आर्थिक प्रशासन शाखा” भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ।

## परिच्छेद– २

## कार्यक्रमका उद्देश्यहरु

३. शिक्षक स्वैच्छिक अवकाश कार्यक्रमका उद्देश्यहरूदेहाय बमोजिम रहेका छन्:

क. २० वर्ष भन्दा लामो समयदेखि निरन्तर शिक्षण पेशामा आवद्ध भई शिक्षकहरुले शैक्षिक उन्नयनमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने।

ख. शिक्षण पेशाप्रति प्रतिवद्ध भई सेवा पुर्याउनु भएका शिक्षकहरुलाई सामाजिक तथा मौद्रिक उत्प्रेरणा प्रदान गर्दै समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउने।

ग.नवप्रतिभालाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुर्याउने।

## परिच्छेद– ३

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. रोशीगाउँपालिकाका शिक्षकहरुको स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछः–

क.स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी हुन योग्यता देहाय बमोजिम हुनुपर्नेछ।

अ.स्थायी शिक्षक

आ. स्थायी सेवा अवधि २० वर्ष पुरा भई नियमानुसार निवृतिभरण प्राप्त गर्न योग्य शिक्षक,

आ. अनिवार्य अवकाश प्राप्त हुने म्याद वा सेवा अवधी कम्तिमा १ बर्ष बाँकी रहेका कार्यरत स्थायी शिक्षक,

तर माथि जुनसुकै कुरा उल्लेख गरीएता पनि २०८१ बैशाख १ भन्दा अघि अनिवार्य अवकाश हुने शिक्षक यस कार्यक्रममा सहभागी हुनका लागि योग्यता पुगेको मानिने छैन।

ख. स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्न १५ दिनको सूचना प्रवाह गर्ने।

ख. यस कार्यक्रममा सहभागी हुन चाहने तोकिएको योग्यता पुगेका शिक्षकहरूले अनुसूचि १ को ढाँचामा तपसिलका कागजात सहित निवेदन माग गर्नुपर्नेछ।

१. नागरिकताको प्रतिलिपि,

२. स्थायी नियुक्तिपत्रको प्रतिलिपि,

३. बढुवा नियुक्तिपत्रको प्रतिलिपि,

४. अनिवार्य अवकासको मिति खुल्ने कागजातहरु,

५. विदाको अभिलेख खुल्ने कागजातको प्रतिलिपि,

६. सम्पूर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु।

ग. सूचना प्रकाशन भएको अन्तिम मितिमा प्राप्त आवेदन उपर छानबिन गरी सहजीकरण समितिले तोकिएको योग्यता पुगेका शिक्षकहरूको विवरण प्रकाशित गर्ने।

## परिच्छेद– ४

## कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन

५. शिक्षक स्वैच्छिक अवकाश कार्यक्रय कार्यान्वयन सहजीकरण समितिः–

रोशीगाउँपालिकाका शिक्षकहरूको स्वैच्छिक अवकाशका लागि स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्न देहाय बमोजिमको पाँच सदस्यीय एक शिक्षक स्वैच्छिक अवकाश सहजीकरण समिति तपशिल बमोजिम गठन गरिनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | – संयोजक |
| ख. अध्यक्षले मनोनित गरेको गाउँ शिक्षा समितिको १ जना | – सदस्य |
| ग. गाउँपालिकाको शिक्षक महासंघको प्रतिनिधि १ जना | – सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि १ जना | – सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य सचिव |

उक्त समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष, कर्मचारीहरु र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद– ५

## सहजीकरण समितिको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा

६. “ शिक्षक स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन सहजीकरण समिति”को काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा तपसिल बमोजिमको रहनेछ।

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, काभ्रेपलाञ्चोक
बागमती प्रदेश नेपाल

क. शिक्षक स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्ने।

ख. यस कार्यक्रम कार्यान्वयनका निम्ति १५ दिनको समयावधि तोकि सूचना प्रकाशित गर्ने।

ग. कार्यक्रममा सहभागी हुन रित पूर्वक दर्ता भएका निवेदनहरू छानविन गरी आवश्यक कारवाही किनारा गर्ने।

घ. यस कार्यविधि बमोजिम सेवा सुविधा पाउन योग्य शिक्षकहरूको सेवा सुविधा किटान सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्ने। कार्यपालिकामा शिक्षकस्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयनका निम्ति तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने।

च. सहजीकरण समिति तथा आमन्त्रित व्यक्तिहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन् ।

छ. समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

**परिच्छेद– ६**

## गुनासो सुनुवाई सम्बन्धि व्यवस्था

७. शिक्षक स्वैच्छिक अवकाश कार्यक्रम कार्यान्वयन गर्दा कुनै गुनासो वा उजुरी तोकिएको अवधिभित्र निवेदन दिन सकिने छ। तोकिएको अवधिभित्र पर्न आएका गुनासो वा उजुरी आवश्यक छानविन गरी प्रचलित नियमानुसार काम कारवाही गरीनेछ।

**परिच्छेद– ७**

## सेवा सुविधा सम्बन्धी व्यवस्था

८. शिक्षक स्वैच्छिक अवकाश समावेश हुने शिक्षकहरुले सेवा सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, काभ्रेपलाञ्चोक
बागमती प्रदेश नेपाल

क. शिक्षक स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी आवेदकहरुबाट अन्तिम सूचिमा रहेका आवेदकहरुले यस कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप अनुसूची २ बमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन्।

ख. अनुसूची २ आर्थिक बर्ष २०७९/८० को कार्यक्रममा मात्र लागू हुनेछ। अन्य आर्थिक वर्षको हकमा सहजीकरण समितिको निर्णयानुसार प्रोत्साहन रकम प्रदान गरिनेछ।

ग. यस कार्यक्रममा अनुसूचि २ मा रहेको प्रोत्साहन रकममा गाउँ कार्यपालिकाले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ। यस कार्यक्रममा छनोट भएका शिक्षकहरुको लागि सरोकारवालाहरूसँगको सहभागीतामा स-सम्मान विदाइ गरिनेछ।

## परिच्छेद– ८

## विविध

९ क. स्वैच्छिक अवकाश कार्यक्रम कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुने छ। साथै यस कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म मान्य हुने छैन।

ख. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

ग.यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

# अनुसूची– १

## निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रोशीगाउँपालिकाको कार्यालय,

रोशी-७, काभ्रेपलाञ्चोक।

**विषय:शिक्षक स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी सम्बन्धमा।**

प्रस्तुत विषयमा रोशीगाउँपालिकाको चालु आ.व. को बार्षिक नीति तथा कार्यक्रम बमोजिम स्वैच्छिक अवकाश कार्यक्रमका लागि मिति ................................ मा प्रकाशित सूचना अनुसार शिक्षक स्वैच्छिक अवकाश कार्यक्रममा सहभागी हुन म इच्छुक तथा योग्य भएकोले स्वैच्छिक रूपमा स्वैच्छिक अवकास लिनका लागि यो निवेदन पेश गर्दछु।

निवेदकको नामथरः

तहः

शिक्षक संकेत नं.:

स्थायी ठेगानाः

जन्म मिति(नागरिकता अनुसार):वि.सं. २०..................... जन्ममिति(प्रमाण-पत्र अनुसार):वि.सं २०.............

अनिवार्य अवकास हुने मितिः

(नागरिकता वा शैक्षिक योग्यतामध्ये जुन मिति अघि आउँछ सोको पूरा मिति उल्लेख गर्ने)

कार्यरत विद्यालयको नामर ठेगानाः

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः

नामः

फोन नः

| बायाँ | दायाँ |
|---|---|
| | |

## अनुसूची २

स्वैच्छिक अवकास कार्यक्रममा छनोट भएका शिक्षकहरुलाई प्रदान गरिने प्रोत्साहन रकम सम्बन्धी विवरणः

| सि.नं. | मिति/अवधि | एकमुष्ठ रकम रु | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८१ बैशाख१ देखी २०८१ चैत्र मसान्त सम्म अनिवार्य अवकाश हुनेको स्थायी शिक्षकको हकमा | रु १,००,००० (अक्षरुपी रु एक लाख रुपैया मात्र) | |
| २ | मिति २०८२ बैशाख १देखी २०८२ चैत्र मसान्त सम्म अनिवार्य अवकाश हुने स्थायी शिक्षकको हकमा | रु १,००,०००(अक्षरुपी रु एक लाख रुपैया) र २०८२ बैसाख देखीअवकाश हुने मिति सम्म प्रतिमहिना रु १०,०००/- का दरले हुन आउने थपरकम | |
| ३ | मिति २०८३ बैशाख १ पछि अवकाश हुने स्थायी शिक्षकको हकमा | रु २,५०,०००/-(अक्षरुपी रु दुई लाख पचास हजार रुपैया मात्र) | |

आज्ञाले

राम बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत